"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मितिः २०७८/०७/१७

**ध्यानाकर्षण सम्बन्धमा ।**

प्रस्तुत विषयमा महालक्ष्मी नगरपालिका क्षेत्रभित्रका केहि स्थानहरुमा लगाइएको धान बालीमा गेडा नलागेको भन्ने गुनासो आएकोमा कृषि विकास शाखाको प्राविधिक टोलीले सम्बन्धित स्थानको खडा बाली निरिक्षण गर्ने क्रममा अधिकाम्स कृषकहरूले विभिन्न एग्रोभेट तथा वीउ वीजन पसलहरुबाट आयतित धानका जातहरू डि.वाई.२८ तथा शंकर धान लगाएको कारण गेडा नलागी कृषकहरुको ठूलो क्षती भएको पाइएको छ । नेपाल सरकारको कृषि नीति अनुसार विदेशबाट आयतित हाईब्रिड धानका जातहरू लगाउनको लागि सिफारिस नभएको व्यहोरा समय-समयमा कृषि विकास शाखाबाट जानकारी गराइएको र अहिले पनि पुनः जानकारी गराउन चाहन्छौँ। कृषि विकास शाखाबाट आ.व. ०७७/७८ को वार्षिक कार्यक्रमबाट खुमल-१० जातको उन्नत धानको वीउ कृषकहरूलाई ५० प्रतिशत मूल्य अनुदानमा वितरण गरिएको र उक्त जातमा यस प्रकारको समस्या नदेखिएको समेत जानकारी गराउन चाहन्छौँ। साथै कृषि विकास शाखाबाट चालु आ.व. को प्रथम चौमासिक अवधिमा ५० प्रतिशत मूल्य अनुदानमा पलास्टिक सिट वितरण गरिएकोमा केही गुनासो आएको बुझिएकोले सो सन्दर्भमा विभिन्न निकायहरूबाट नेपाली पलास्टिक सिट तथा ४५ जि.एस.एम. (६*१२ मिटर) को पलास्टिक सिट वितरण भएको तथा कृषकहरू आफैले गरेको हुँदा उक्त दर रेटमा मूल्य अभिवृद्धि कर समेत नजोडिएको तर कृषि विकास शाखाबाट वितरण भएको पलास्टिक सिट ७० जि.एस.एम. (६*१२ मिटर) इन्डियनको मूल्य अभिवृद्धि कर तथा ढुवानीसहित जोडेर वितरण गरिएको कुरा जानकारी गराउन चाहन्छौँ। अब उपरान्त कुनै नयाँ जातको वीउ विजन लगाउनु पहिला कृषि विकास शाखाबाट प्राविधिक परामर्श लिनुहुन तथा कार्यक्रमसँग सम्बन्धित कुनै गुनासो रहेमा महालक्ष्मी नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी जानकारी लिनुहुन समस्त कृषिक वर्गहरूमा अनुरोध गरिन्छ ।

ब्रहमदेव साह
कृषि विकास अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np